नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

ई.पी.एस. कोरिया शाखा

ग्वार्को, ललितपुर ।

मितिः २०७९।०६।२७

**मिति २०७९ कार्तिक ७ र ९ गते (तदानुसार २४ र २६ अक्टोबर, २०२२) सोमबार र बुधबारको दिन हुने हवाई उडानबाट दक्षिण कोरिया जाने कामदारहरुको लागि अत्यन्त जरुरी सूचना ।**

यसै साथ संलग्न HRD Service of korea बाट उल्लेखित मितिको हवाई उडानका लागि प्राप्त भएका नामावली सूचिमा नाम भएका व्यक्तिहरूले तपसिल बमोजिमका कागजातहरू कार्तिक ७ गते उडान हुने कामदारहरुले मिति २०७९ कार्तिक ३ गते (तदानुसार, २० अक्टोबर, २०२२) बिहिबार दिउँसो ३:०० बजे र कार्तिक ९ गते उडान हुने कामदारहरुले कार्तिक ४ गते शुक्रबार (तदानुसार, २१ अक्टोबर, २०२२) दिउँसो ३:०० बजे अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । नामावली सूचिमा नाम भएका व्यक्तिहरुले उडान पूर्व गर्नुपर्ने आवश्यक तयारी गरी तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ । तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ । उडान नामावली सूचीमा नाम भएका तर कोरिया जान नचाहनेहरुले सोको जानकारी यथाशिघ्र लिखित रुपमा यस शाखामा गराईदिनुहुन समेत अनुरोध छ ।

**अनलाईन श्रम आवेदन दर्ता प्रकिया सम्बन्धी जानकारी**

१) श्रम स्विकृतिका लागि अनलाइन आवेदन गर्नु पर्नेछ । अनलाइन श्रम स्विकृतिको लागि आवेदन गर्ने तरिका इ.पि.एस. कोरिया शाखाको वेवसाइटबाट हेर्न सकिने छ । यस शाखाबाट अवेदकहरुको श्रम स्विकृतिको निवेदन रुजु गरी एप्रुभ भइसकेपछि सो को जानकारी इमेल ठेगानामा प्राप्त हुनेछ र सोको कपि प्रिन्ट गरी राख्नुपर्नेछ ।

२) अनलाईन दर्ता गर्दा ६ बर्षे वैदेशिक रोजगार म्यादी जीवन वीमा र कल्याणकारी कोष वापतको रकम रु. २५००/- अनलाईनमै संलग्न भुक्तानी प्रदायक संस्थाहरुबाट तिर्नु पर्नेछ ।

३) आ-आफ्नो राहदानीलाई राहदानी (Passport) खण्डमा र भिषालाई भिषा (Visa) खण्डमा अनिवार्य स्क्यान गरी अपलोड गर्नु पर्नेछ । साथै, रोजगार अनुमती प्रणाली व्यवस्थापन शुल्क वापत माछापुच्छ्रे बैंकमा ई.पि.स. कार्यालयको खाता नं. २३०१५२४३७४०१५०१७ वा ०१२००३७४०१५०००१२ मा ४६.२० डलर बराबरको नेपाली रूपैयाँ जम्मा गरेको बैंक भौचर समेत स्क्यान गरी "Voucher" खण्डमा अपलोड गर्नु पर्नेछ ।

४) दक्षिण कोरिया पुगिसकेपछि क्वारेन्टाईन बस्नु नपर्ने तर कोभिड जेखिम विमा गर्नु पर्ने नपर्ने भन्ने विषयमा HRD Service of Korea, EPS center, Nepal मा सोधिएकोमा कोभिड जोखिम बिमा गर्नुपर्ने व्यवस्था हटिनसकेको जानकारी प्राप्त हुन आएकोले यस शाखामा सूचिकृत एन.एल.जी ईन्स्योरेन्स कं ली., अजोड ईन्स्योरेन्स कं. ली., प्रभु ईन्स्योरेन्स कं. ली. र प्रिमियर ईन्स्योरेन्स कं. ली. मध्ये कुनै एकबाट कोभिड जोखिम विमा गरेको विमालेख (व्यक्तिगत विवरण भएको पाना एक) स्क्यान गरी "Voucher" खण्डमा अपलोड गर्नु पर्नेछ ।

५) उडान हुने सबै व्यक्तिहरुले Country मा "Republic of Korea", Company Name मा "HRD Service of Korea", Skill Name मा "General Worker", Contract Period मा 5 year र Employee Type मा "G-to-G" उल्लेख गर्नु पर्नेछ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस. कोरिया-शाखा
ग्वार्को, ललितपुर ।

**<u>पुनश्चः-</u>** कार्यालयबाट आवेदन स्विकृत भएमा निजहरुको श्रम स्विकृतीको निस्सा सम्बन्धित व्यक्तिहरुको दिईएको ईमेलमा जाने र सो हराएमा पुन: प्रिन्ट गर्न मिल्ने भएकोले उडान हुने ब्यक्तिले स्वयंको ईमेल ठेगाना प्रबिष्टि गर्नुहुन अनुरोध छ ।

**<u>यस कार्यालयमा राहदानी लिन आउँदा पेश गर्नुपर्ने कागजातहरू र पालना गर्नु पर्ने शर्तहरु:</u>**

६) यस शाखामा सूचिकृत एन.एल.जी ईन्स्योरेन्स कं ली., अजोड ईन्स्योरेन्स कं. ली., प्रभु ईन्स्योरेन्स कं. ली. र प्रिमियर ईन्स्योरेन्स कं. ली. मध्ये कुनै एकबाट कोभिड जोखिम विमा गरेको विमालेखको प्रतिलिपि ।

पुनश्च: विमा प्रमाणपत्र लिंदा कोभिड जोखिम विमा पोलिसी खुलेको, विमा पोलिसीले कभर गर्ने जोखिमहरुको विवरण खुलेको, कुल विमांक खुलेको, विमा प्रिमियम वापत बुझाएको रकम खुलेको, जोखिम दावी प्रकृया लगायतका विवरण प्रष्ट रुपमा खुलेको प्रमाणपत्र राम्ररी बुझेर मात्र विमा गर्नु हुन र सो प्रमाणपत्रको प्रतिलिपी राहदानी लिन आउँदा कार्यालयमा समेत बुझाउनु पर्नेछ ।

७) नयाँ कामदारको हकमा अनिवार्य रुपमा व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैसेंपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम (Pre–Departure Training) को प्रमाणपत्रको प्रतिलिपि ।

८) माछापुच्छ्रे बैंकमा रकम जम्मा गरेको बैंक भौचर साथै नेपालबाट जारी कोभिड-१९ विरुद्धको खोपको QR CODE प्रमाणपत्रको प्रतिलिपि ।

९) दक्षिण कोरियाबाट प्राप्त जानकारी अनुसार दक्षिण कोरियाको वेभसाइट **<u>https://cov19ent.kdca.go.kr</u>** मा लगइन गरी उक्त देशबाट जारी भएको QR कोड प्राप्त भए पछिमात्र दक्षिण कोरिया प्रवेश गर्न पाउने भएकाले नामावलीमा नाम भएका व्यक्तिहरुले अनिवार्यरुपमा उडान हुनु अगावै आफ्नो राहादानीको विवरण, इमेल ठेगाना, सम्बन्धित एयरलाईन्सबाट लिएको उडान टिकटको विवरण, नेपालमा लगाएको कोभिड १९ विरुद्धको खोपको विवरणहरु भरी दक्षिण कोरियाबाट जारी हुने QR कोडका लागि रजिष्ट्रर गरिसक्नुपर्नेछ । तपाईहरुले भरेको विवरण यस शाखाबाट रुजु हुने भएकाले विवरण भर्दा अनिवार्य रुपमा इमेल ठेगाना भनिएको ठाँउमा यस शाखाको इमेल ठेगाना **<u>qrcodeeps@gmail.com</u>** राखी भर्नुपर्नेछ । पिसीआर नेगेटिभ रिपोर्ट आएपश्चात उक्त विवरणमा पिसीआर नेगेटिभ रिपोर्ट अपलोड गर्नुपर्नेछ । साथै दक्षिण कोरिया जादा अनिवार्य रुपमा नेपालबाट जारी गरिएको कोभिड-१९ विरुद्धको खोप लगाएको QR कोडको प्रिन्टकपि, कोरियाबाट जारी भएको QR कोडको प्रिन्टकपि, बढीमा ४८ घण्टा भित्रको पिसीआर नेगेटिभ रिपोर्टको प्रिन्टकपि साथमा राख्नुपर्नेछ ।

१०) दक्षिण कोरिया पुगेपछि नियमित कामदारहरुले (Regular Workers) ३ कार्य दिनको तालिम लिनुपर्ने र त्यस पश्चात आफ्नो कार्यस्थलमा जाने र प्रतिबद्ध कामदारहरु (Special Re–entry workers) कोरिया प्रवेश गरिसकेपछि सिधै आफ्नो कार्यस्थलमा जाने तर दक्षिण कोरिया पुगिसकेपछि पिसीआर परिक्षण गर्दा कोभिड पोजेटिभ देखिएमा आफ्नै खर्चमा ७ दिन अनिवार्य क्वारेन्टाईनमा बस्नु पर्ने जानकारी प्राप्त भएकोले उक्त अवस्थामा बस्नुपर्दा लाग्ने क्वारेन्टाईन खर्च वापत नियमित कामदारहरु (Regular Workers) ले ३०० देखि ४०० US डलर सम्मको रकम व्यवस्था गरी जानु पर्नेछ ।

११) सम्बन्धित एयरलाईन्सले जारी गरेको प्रोटोकल अनुसार प्रस्थान गर्नु भन्दा कम्तीमा ४८ घण्टा अगाडी पिसीआर परीक्षण गर्नुपर्ने भएकोले कार्तिक ७ गते उडान हुने कामदारहरुले कार्तिक ६ गते आइतबार बिहान ८:०० बजे देखि ०९:०० बजे सम्म र कार्तिक ९ गते उडान हुने कामदारहरुल कार्तिक ८ गते मंगलबार बिहान ८:०० बजे देखि ०९:०० बजे सम्म नेपाल-कोरिया मैत्री अस्पताल, मध्यपुर ठिमी, भक्तपुर, शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल, टेकु, काठमाण्डौ, पाटन अस्पताल, पाटन, ललितपुर र सिभिल अस्पताल, मिनभवन, काठमाण्डौं मध्ये यसै

नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## वैदेशिक रोजगार विभाग

## ई.पी.एस. कोरिया शाखा

**ग्वार्को, ललितपुर ।**

साथ संलग्न नामावलीमा तोकिएको अस्पतालमा गई पिसिआर परीक्षणको लागि नमूना दिनु पर्नेछ । परीक्षणमा पोजेटिभ देखिएमा सम्बन्धित व्यक्तिको उक्त मितिको उडान स्थगित हुनेछ । **२०७९ साउन यता हुने उडानहरुबाट जानेहरु मध्ये धरै संख्यामा पिसिआर परीक्षण गर्दा कोभिड रिपोर्ट पोजेटिभ देखिएकाले निजहरुको उडान स्थगित भएको** र हाल नेपालमा कोरोनाको संक्रमणदरबढ्दो क्रममा रहेको एवं दक्षिण कोरियामा कोरोना संक्रमण दर उच्च रहिरहेको नै हुँदा अनिवार्य रुपमा स्वास्थ्य प्रोटोकल पालना गरी आफूलाई पायक पर्ने स्थानमा सुरक्षित तरिकाले Self क्वारेन्टाईनमा बस्नु पर्नेछ।

१२) HRD Service of Korea बाट प्राप्त पत्र अनुसार दक्षिण कोरिया प्रवेश गर्नुभन्दा अगाडिको सरुवा तथा यौनरोगको परीक्षण (Syphilis /VDRL) समेत गर्नुपर्ने भएकाले माथि उल्लेखित ४ (चार) वटा अस्पताल मध्ये तोकिएको अस्पतालमा पिसिआर परीक्षण संगै सो को परीक्षण गरी त्यसको नेगेटिभ रिपोर्ट बोक्नुपर्नेछ ।

१३) कोभिड १९ विरुद्धको खोप लगाउने तथा व्यक्तिगत विवरण सङ्कलन र प्रयोग सहमती पत्र र कोभिड १९ विरुद्ध खोप सम्बन्धी फाराम भरेर आफु दक्षिण कोरिया जाँदा साथमा लिएर जानु पर्नेछ । उक्त फारम यस शाखाको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

१४) कार्तिक ७ गते उडान हुने कामदारहरुको लागि मिति २०७९ कार्तिक ३ गते (तदानुसार, २० अक्टोबर, २०२२) विहिबार दिउँसो ३:०० बजे र कार्तिक ९ गते उडान हुने कामदारहरुको लागि मिति २०७९ कार्तिक ४ गते ( तदानुसार, १६ अक्टोवर, २०२२) शुकवार दिउँसो ३:०० बजे यस शाखामा पूर्व प्रस्थान अभिमुखीकरण संचालन गरिनेछ । अभिमुखीकरणमा सबैजना स्वास्थ्य प्रोटोकल पालना गरी अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ ।

१५) दक्षिण कोरियामा कोभिड महामारी रहिरहेको वीचमा समेत नेपालबाट दक्षिण कोरिया कामदार पठाउने कार्य नियमित रुपमा भइरहेको हुँदा व्यवस्थापनमा सबैको सकारात्मक सहयोग अपरिहार्य छ । हालका दिनमा समेत दक्षिण कोरियामा पुगिसकेपछि कोभिड रिपोर्ट पोजेटिभ देखिइराखेको हुँदा आगामी दिनमा थप सावधानी अपनाउनु आवश्यक छ ।

१६) उडानको लागि आवश्यक पर्ने कागजातहरु संकलन गर्न टिकट काउन्टर, विमा, बैंक, अस्पताल आदिमा जाँदा एवं नेपाल र दक्षिण कोरियाको विमानस्थलमा समेत विशेष सावधानी अपनाउनु हुन अनुरोध छ । उपलब्ध र संभव भए सम्म अनलाइन सेवाबाट कागजात तयार गर्नुहुन साथै राहदानी लिदा, अभिमूखिकरणमा सहभागी हुँदा, विमानस्थलमा जाँदा र प्रस्थान गर्दा तोकिएको मास्क, फेस सिल्ड, स्यानिटाईजर र Gloves अनिवार्य रुपमा प्रयोग गर्नुहुन अनुरोध छ। एयरपोर्टमा गरिने आफन्त भेटघाट एवं भिडभाड पनि नगर्नु, नगराउनु हुन अनुरोध गर्दछौं ।

**शाखा अधिकृत**
**ई .पी. एस. कोरिया शाखा**

"कोरोनाबाट बच्न सुरक्षित उपाय अपनाऔं । आफु पनि बचौं, अरुलाई पनि बचाऔ ।"

धन्यबाद !